मेलम्ची नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

नगर कार्यपालिका बैठक

मितिः २०७७ श्रावण १४ गते बुधबार

**प्रस्तावहरुः**

१. मेलम्ची खानेपानी आयोजनाको परिपूरण सम्वन्धी नियमावली सम्वन्धी
२. आ.व.२०७७/७८ को लागि नगर दररेट स्वीकृत गर्ने
३. नगर सभाबाट स्वीकृत योजना कार्यान्वयन योजना सम्वन्धमा
४. बाढी पहिरोको कारण आएको विपद व्यवस्थापन सम्वन्धमा
५. सम्पत्ति कर र मालपोत संकलन अभियान सञ्चालन गर्ने सम्वन्धमा
६. आन्तरिक आय ठेक्का तथा गत आ.व.को आम्दानी सम्वन्धमा जानकारी
७. अन्य

- परामर्शदाताबाट प्राप्त IUDP Document सम्वन्धी
- कोरोना कहर व्यवस्थापन सम्वन्धी
- दिनेश रामजी स्मृति शिक्षालय सम्वन्धी जानकारी
- सम्पत्ति विवरण पेश गर्ने सम्वन्धी।
- विभिन्न निकायबाट प्राप्त पत्रहरु

**निर्णयहरुः**

**निर्णय नं. १**

मेलम्ची खानेपानी विकास समितिको च.नं.६१२ मिति २०७७।०३।३० को पत्रसाथ प्राप्त मेलम्ची खानेपानी परियोजनाबाट प्रभावित क्षेत्र तथा वासिन्दालाई परिपूरण दिने सम्वन्धी नियमावली २०७७ को मस्यौदामा देहायबमोजिम सुझाव पठाउनेः

१. मस्यौदाको नियम २ को खण्ड (छ) मा रहेको **काठमाण्डौ उपत्यकामा पानी ल्याउदा** भन्ने वाक्यांश पछि **प्रभावित हुने** भन्ने वाक्यांश थप्ने।
२. मस्यौदाको नियम ४ बमोजिम गठन हुने परिपूरण रकम निर्धारण समितिमा **प्रभावित क्षेत्रको स्थानीय तहका प्रमुख/अध्यक्ष एक एक जना - सदस्य** रहने व्यवस्था गर्ने।
३. मस्यौदाको नियम ४ को उपनियम (२) हटाउने।
४. मस्यौदाको नियम ४ को उपनियम (५) मा रहेको **बोर्डले तोकेको मितिदेखि** भन्ने वाक्यांश पछि **वार्षिक रुपमा** भन्ने वाक्यांश थप्ने।
५. मस्यौदाको नियम ५ को उपनियम (२) को खण्ड (क) मा रहेको **सिंचाइको कमी हुन गई** भन्ने वाक्यांश पछि **तरकारी** भन्ने शव्द थप्ने।
६. मस्यौदाको नियम ५ को उपनियम (२) को खण्ड (च) मा रहेको **प्रभावित क्षेत्रको** भन्ने वाक्यांश पछि **जलचक्र,** भन्ने शव्द थप्ने।
७. मस्यौदाको नियम ५ को उपनियम (२) मा व्यवस्था भएको क्षतिको मापन गर्ने आधारमा देहायको विषयलाई समेत समेट्न उपयुक्त हुनेः
    - तल्लो तटिय क्षेत्रमा पानीको कमी हुन जाँदा पर्न जाने असर
    - प्रभावित क्षेत्रमा पानी पथान्तरणको कारण हुन सक्ने दुर्घटनाको जोखिम
    - सुरुंगको कारण प्रभावित क्षेत्रमा पानीका परम्परागत श्रोतमा पर्न जाने असर
    - प्रभावित क्षेत्रमा व्यवसायिक मत्स्यपालन व्यवसायमा पर्न जाने असर
    - ग्याल्थुम र सिन्धु अडिटबाट पानी वास आउट गर्दा तल्लो तटिय क्षेत्रमा हुने जोखिम

८. मस्यौदाको नियम ८ को उपनियम (२) मा रहेको **स्थानीय वासीको आयआर्जन वृद्धि गर्ने** भन्ने वाक्यांश पछि **एवं पूर्वाधार विकासका** भन्ने वाक्यांश थप्ने।
९. मस्यौदाको नियम ८ को उपनियम (३) मा रहेको **चौमासिक विवरण** भन्ने वाक्यांशको सट्टा **वार्षिक रुपमा** भन्ने वाक्यांश राख्ने।
१०. मस्यौदाको नियम ९ को उपनियम (१) मा रहेको **प्रभावित क्षेत्रको बासिन्दा** भन्ने वाक्यांश पछि रहेको **एवं सामाजिक उत्थान कार्यक्रम संचालन सम्वन्धी स्थानीय समितिहरु** भन्ने वाक्यांश हटाउने।
११. मस्यौदाको नियम ९ को उपनियम (२) मा रहेको **प्राकृतिक सम्पदाको संरक्षण** भन्ने वाक्यांश पछि **प्रभावित क्षेत्रको नदि तटीय क्षेत्रमा बाढीबाट क्षति भएको भौतिक संरचनाको संरक्षण एवं नदि नियन्त्रण, पूर्वाधार विकास एवं** भन्ने वाक्यांश थप गर्ने।
१२. मस्यौदाको नियम १० को उपनियम (२) आवश्यक नदेखिएकोले हटाउने।
१३. मस्यौदाको नियम ११ को उपनियम (३) मा रहेको **कोष संचालन सम्वन्धी कार्यविधि** भन्ने वाक्यांश पछि **स्थानीय तहको परामर्शमा** भन्ने वाक्यांश थप्ने।
१४. मस्यौदाको नियम १२ को उपनियम (१) मा रहेको **खर्च गरे नगरेको सम्बन्धमा** भन्ने वाक्यांश पछि **बोर्डले** भन्ने शब्द थप्ने।
१५. मस्यौदाको नियम १३ को उपनियम (१) मा रहेको **अन्तर्सम्वन्धका सम्वन्धमा खानेपानी बोर्डले** भन्ने वाक्यांश पछि **स्थानीय तहको परामर्शमा** भन्ने वाक्यांश थप्ने।

**निर्णय नं. २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ को व्यवस्था तथा नगर सभाको निर्णय अनुसार आर्थिक वर्ष २०७७।७८ को लागि नगरपालिका क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण समाग्री, ज्यालाऽ भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट स्वीकृत गर्ने।

**निर्णय नं. ३**

नगर सभाबाट आर्थिक वर्ष २०७७।७८ को लागि स्वीकृत वार्षिक कार्यक्रम तथा योजनाहरु मध्ये रु.१० लाखसम्म बजेट विनियोजन भएका निर्माण सम्वन्धी योजनाहरु उपभोक्ता समितिबाट र सोभन्दा बढी रकम विनियोजन भएका योजनाहरु सार्वजनिक खरिद ऐन बमोजिम बोलपत्र वा शिलबन्दी दरभाउपत्र मार्फत प्रतिस्पर्धा गराई कार्यान्वयन गर्ने।

**निर्णय नं. ४**

असारको अन्तिम हप्तादेखि सकृय मनसुनको कारण भएको निरन्तर वर्षाले नगर क्षेत्रका विभिन्न स्थानमा बाढी पहिरो गई घर तथा बस्ती नै जोखिम पर्ने अवस्था आएको हुँदा नागरिकको जिउधनको सुरक्षालाई प्रमुख प्राथमिकतामा राखी देहायका कार्यहरु गर्नेः

१. उद्धार कार्यमा सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरु परिचालित हुने।
२. बाढी पहिरोको कारण धनजनको क्षति भएको अवस्थामा वडाध्यक्ष स्वयंले स्थलगत अनुगमन गरेरमात्र राहत/क्षतिपूर्तिको लागि नगरपालिकामा लेखी पठाउने।
३. नगरका प्रमुख सडकहरु अवरुद्ध हुन नदिन नगरपालिकाका दुइ वटै ब्याकहो लोडर तयारी अवस्थामा राख्ने।
४. आवश्यकता अनुसार निजी क्षेत्रका मेशिनहरु पनि प्रयोग गर्ने।
५. तत्काल पहिरो रोकथाम गर्न आवश्यक स्थानमा प्राविधिक प्रतिवेदनको आधारमा प्लाष्टिक लगायतका सामाग्री उपलब्ध गराउने।

**निर्णय नं. ५**

मेलम्ची नगरपालिकाको नीति तथा कार्यक्रम एवं आर्थिक ऐन, २०७७ बमोजिम चालु आ.व.२०७७।७८ मा नगरपालिका क्षेत्रमा सम्पत्ति कर तथा मालपोत संकलन अभियान देहाय बमोजिम सञ्चालन गर्ने।

**पहिलो चरणः** मेलम्ची नगरपालिकाका सवै जनप्रतिनिधि र मेलम्ची नगरपालिका स्थायी ठेगाना भएका मेलम्ची नगरपालिका र अन्तर्गतका सवै कर्मचारी (शिक्षक, स्वास्थ्य कर्मचारी समेत) ले २०७७ श्रावण मसान्तभित्र आफ्नो वा परिवारको स्वामित्वमा रहेको जग्गाको मालपोत र सम्पत्ति कर सम्वन्धित वडा कार्यालयमा तिरी सोको जानकारी मेलम्ची नगरपालिकामा गराउने।

**दोश्रो चरण**: मेलम्ची नगरपालिका भित्र रहेका विभिन्न संघ/संस्थामा कार्यरत कर्मचारी, राजनीतिक दलमा आवद्ध पदाधिकारी र उद्योग व्यवसायीहरुले मिति २०७७ भाद्र १५ गतेभित्र आफ्नो वा परिवारको स्वामित्वमा रहेको जग्गाको मालपोत र सम्पत्ति कर सम्वन्धित वडा कार्यालयमा तिरी सोको जानकारी मेलम्ची नगरपालिकामा गराउने ।

**तेश्रो चरण**: मेलम्ची नगरपालिकाभित्र बसोवास गर्ने आफ्नो निजी सम्पत्ति भएका सवै नगरवासीहरुले आफ्नो स्वामित्वमा रहेको जग्गाको मालपोत र सम्पत्ति कर सम्वन्धित वडा कार्यालयमा तिर्न/ बुझाउनको लागि मिति २०७७ असोज १ गते देखि वडागत रुपमा अभियान कार्यक्रम सञ्चालन गर्ने ।

**निर्णय नं. ६**

मेलम्ची नगरपालिकाको ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्रबाट ढुंगा, गिटी बालुवाको बिक्री कार्य मार्फत अन्तरिक राजस्व संकलनको लागि मिति २०७७।२।११ गते (पहिलो पटक) र मिति २०७७।३।१० (दोश्रो पटक) प्रकाशित आन्तरिक आय बोलपत्र सूचना बमोजिम काठमाडौं महानगरपालिका वडा नं १० स्थित श्री तिनपिप्ले निर्माण सेवाले रु. २०,००,२६,०००।००(मुल्य अभिवृद्धि कर बाहेक) उल्लेख गरी मिति २०७७।३।२५ गते बोलपत्र पेश गरेकोमा उक्त बोलपत्र मेलम्ची नगर कार्यपालिकाको मिति २०७७।०४।०२ गतेको वैठकको निर्णयबाट अनुमोदन तथा स्वीकृत भएको र मिति २०७७।०४।०२ गतेको पत्रबाट सम्बन्धित निर्माण सेवालाई सम्झौता गर्न पत्राचार गरिएकोमा सम्झौताको लागि कानूनी प्रक्रिया पुरा नभएको कारण मिति २०७७।०४।०१ गते देखि मिति २०७७।०४।०८ गतेसम्म नगरपालिकाबाट कर्मचारी खटाई अमानतबाट राजस्व संकलन गरिएकोमा मिति २०७७।०४।०९ गते देखि देहाय बमोजिम गरिएको ठेक्का सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

| कूल कबोल अंक (मू.अ.कर बाहेक) | मिति २००७७।४।१ गते देखि मिति २०७७।४।८ गतेसम्म अमानतबाट संकलन गरिएको रकम रु (मू.अ.कर सहित) | औसत दैनिक संकलन हुनुपर्ने रकम रु. (मू.अ.कर बाहेक) | मिति २०७७।४।१ देखि २०७७।४।८ गतेसम्म जम्मा ८ दिनको औसत संकलन हुनुपर्ने रकम रु.. (मू.अ.कर बाहेक) | औसत संकलन हुनुपर्ने ८ दिनको रकम कटाइ सम्झौता हुन आउने बाँकी ठेक्का अंक रु (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | २ | ३=(१/३६५) | ४=(३X८ दिन) | ५=(१-४) |
| २०,००,२६०००।- | २०,२१,९६५।- | ५,४८,०१६।४४ | ४३,८४,१३१।५२ | १९,५६,४१,८६८।४८ |

२०७७।५।१४